# जनक शिक्षा समाग्री केन्द्र लिमिटेडको प्रबन्ध सञ्चालकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१

**जनक शिक्षा समाग्री केन्द्र लिमिटेडको प्रबन्ध सञ्चालक पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाएको छ ।**

१. **दरखास्त आव्हानः** जनक शिक्षा समाग्री केन्द्र लिमिटेडको रिक्त हुने प्रबन्ध सञ्चालक पदमा पदपूर्तिका लागि ७ दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिकमा सूचना प्रकाशन गरिनेछ । उक्त समायवधि भित्र तीन भन्दा कम दरखास्त परेमा परेका दरखास्त यथावत राखी थप पाँच दिनको म्याद दिई दोस्रो पटक सुचना प्रकाशन गर्न सकिनेछ। दोस्रो पटक सूचना प्रकाशन गर्दा उम्मेदवारको थप आवेदन परे वा नपरे पनि छनौट सम्बन्धी प्रक्रियालाई अगाडी बढाउन सकिनेछ।

२. **योग्यता तथा अनुभव**

क. लिमिटेडको कार्य प्रकृतिसँग सम्बन्धित विषय वा शिक्षा, प्रशासन, व्यवस्थापन, अर्थशास्त्र, इञ्जिनियरिङ्ग वा कानूनमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र कुनै संस्था वा निकायको अधिकृत स्तरको पदमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको ।

ख. कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम अयोग्य नरहेको ।

३. **दरखास्त साथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः**

क. शैक्षिक योग्यता, कार्यानुभव, सम्पर्क ठेगाना (ईमेल, मोवाईल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरणको प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले हस्ताक्षर गरी पेश गर्नुपर्नेछ।

ख. नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा कार्यानुभवको प्रतिलिपिहरु स्वयंले प्रमाणित गरि पेश गर्नुपर्नेछ ।

ग. उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यवसायिक कार्ययोजना तयार गरी कार्ययोजनाका कुनैपनि पानामा आफ्नो पहिचान नखुल्ने गरी चार प्रति शिलबन्दी सहितको खाम पेश गर्नुपर्नेछ ।

घ. कुनै कार्य जिम्मेवारीमा कार्यरत आवेदकले दरखास्त साथ यस पदको प्रतियोगितामा भाग लिन सेवारत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नुपर्नेछ ।

४. **दरखास्तसाथ पेश गर्नुपर्ने स्वयं घोषणामा स्पष्ट हुनुपर्ने विवरणहरुः** दफा ३ मा उल्लिखित कागजातका अतिरिक्त दरखास्त साथ देहायको बेहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछः

क. कुनै राजनीतिक दलको सदस्य नरहेको

ख. जनक शिक्षा समाग्री केन्द्रसँगको ठेक्का वा कुनै चलअचल सम्पत्ति कारोबारमा आफैं वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा केन्द्रसँग निजी स्वार्थ नभएको ।

ग. आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको ।

घ. भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, राजस्व चुहावट वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको ।

ङ. टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासहीमा नपरेको ।

च. नियतबस बैंक तथा वित्तीय संस्था वा सहकारीको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालो सूचिमा नपरेको।

छ. विदेशी मुलुकको स्थायी बसोबासको अनुमति प्राप्त नगरेको ।

ज. नियामक निकायहरुबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

झ. जनक शिक्षा समाग्री केन्द्र लिमिटेडको प्रबन्ध सञ्चालक पदमा एक पटक भन्दा बढी कार्य नगरेको ।

**५. <u>व्यवसायिक कार्ययोजना पेश गर्नुपर्ने</u>**ः (१) उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यवसायिक कार्ययोजना प्रबन्ध सञ्चालकका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा देहायका बुँदाहरु समेत समावेश हुने गरी तयार पारिएको हुनुपर्नेछः

क. जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको बारेमा जानकारी उल्लेख भएको

ख. लिमिटेडको विद्यमान अवस्थाको पहिचान र विश्लेषण

ग. लिमिटेडको सबल र दुर्बल पक्ष एवं अवसर र चुनौतीहरुको विश्लेषण

घ. रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरुको विश्लेषण

ङ. जनक शिक्षा समाग्री केन्द्र लिमिटेडको कार्य सम्पादनमा जोखिम व्यवस्थापन साथै क्षमता अभिबृद्धि, संस्थागत सुधार एवं सुशासन, मानव संसाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, नेपाल सरकार द्वारा निर्दिष्ट गरिएका कार्यक्रमहरुको सञ्चालन, लिमिटेडको कामकारवाहीको पारदर्शिता, स्वच्छता, नियमितता, व्यवसायिकता, विश्वासनीयताको सुनिश्चितता, अनुगमन तथा मुल्याङ्कन र परिपालनाको प्रभावकारीताको लागि आवश्यक कदमहरु समेत समावेश भएको समय-सारिणी सहितको व्यवसायिक कार्ययोजना ।

(२) व्यवसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषा मध्ये कुनै एक भाषामा A4 Size को कागजमा तयार पार्नुपर्नेछ।

(३) तयार पारिएको व्यवसायिक कार्ययोजनाको बारेमा तोकिएको मिति र समयमा छनौट सूचीमा परेका उम्मेदवारले प्रस्तुतीकरण गरी त्यसपछि अन्तर्वार्तामा समेत सहभागी हुनुपर्नेछ ।

**६. <u>उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अंकभार</u>:** उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अंक भार र सो को बर्गीकरण देहाय बमोजिम हुनेछः

**क. शैक्षिक योग्यता -१०**

| | |
|---|---|
| प्रथम श्रेणी | ८ |
| द्वितीय श्रेणी | ७ |
| तृतीय श्रेणी | ६ |
| विद्यावारिधी(थप) | २ |

**ख. कार्य अनुभव -१०**

| | |
|---|---|
| १०-१५ बर्ष | ८ |
| १५ बर्ष भन्दा माथि | १० |

**ग. नेतृत्व क्षमता -५**

**घ. व्यवसायिक कार्ययोजना - ५०**

**ङ. <u>प्रस्तुतीकरण र अन्तर्वार्ता - १५+१०</u>**

**पूर्णाङ्क -१००**

**७. <u>छनौट समिति</u>** : प्रबन्ध सञ्चालक पदमा नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको छनौट समिति रहने छः-

क. सञ्चालक समितिका सेवा निवृत्त अध्यक्ष मध्येबाट मन्त्रालयले मनोनित गरेको व्यक्ति - संयोजक

ख. पाठ्यक्रम विकास केन्द्रको महानिर्देशक - सदस्य

ग. मन्त्रालयको कर्मचारी प्रशासन हेर्ने सहसचिव -सदस्य सचिव

**८. <u>उम्मेदवार छनौटका आधार एवं प्रक्रिया</u>**: मुल्याङ्कन तालिका (छनौट आधार) दफा ६ मा उल्लेख भए अनुसार हुनेछ। यसका लागि देहाय बमोजिमको प्रक्रिया अपनाईनेछः

क. दश जनाभन्दा बढी उम्मेदवारको दरखास्त परेमा उम्मेदवारको शैक्षिक योग्यता र पेश भएको व्यवसायिक कार्ययोजनाको परीक्षणबाट प्राप्त अङ्कको प्राथमिकताको आधारमा उम्मेदवारहरु मध्ये सम्भव भएसम्म पाँच जना

उम्मेदवारलाई वर्णानुक्रम अनुसार छनौट गरी व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

ख. उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारहरु मध्ये शैक्षिक योग्यता, कार्य अनुभव, नेतृत्व क्षमता, व्यवसायिक कार्ययोजनाको मूल्याङ्कन, प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको अङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने व्यक्तिलाई प्रबन्ध सञ्चालक नियुक्तिका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय समक्ष सिफारिस गरिनेछ।

ग. कार्ययोजनाको प्रस्तुती र अन्तर्वार्तामा चालिस प्रतिशत भन्दा घटी र सत्तरी प्रतिशत भन्दा बढी अंक प्रदान गरेकोमा बहुमत मूल्याङ्कनकर्ताबाट कैफियत खोलेमा मात्र गणना हुनेछ । अन्यथा न्यूनतम वा अधिकतम अंक गणना गरिनेछ ।

९. <u>व्यवसायिक कार्ययोजना प्रस्तुतीकरण एवं अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्थाः</u>

क. व्यवसायिक कार्ययोजनाको परिक्षण छनौट तथा सिफारिस समितिको निर्णायानुसार कम्तिमा दुई जना विज्ञबाट गर्ने व्यवस्था गर्नुपर्नेछ ।

ख. उपदफा (क) बमोजिम कम्तिमा दुई जना विज्ञबाट प्राप्त अङ्कको आधारमा औसत अङ्क निर्धारण गरी व्यवसायिक कार्ययोजना वापतको प्राप्ताङ्क गणना गरिनेछ ।

१०. <u>विविधः</u>

ग. छनौट कार्यको व्यवस्थापकीय खर्च नियमानुसार जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडबाट हुनेछ ।

घ. यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या आईपरेमा सञ्चालक समितिको अध्यक्षको परामर्शमा छनौट समितिबाट निर्णय गरी समाधान गरिनेछ ।

ङ. प्रबन्ध सञ्चालक छनौट सम्बन्धमा यस अघी मन्त्रालयबाट जारी भएका निर्देशिका/कार्यविधि/छनौट विधि आदि खारेज गरिएको छ । सो अनुसार भएको काम कारवाही यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

च. यो कार्यविधि छनौट समितिले मन्त्रालय समक्ष प्रबन्ध सञ्चालकको नियुक्तिका लागि नाम सिफारिस गरेपछि स्वतः खारेज हुनेछ ।